जब तिमीहरूमध्ये कसैले राम्रो सपना देख्छ , उसले यो अल्लाहबाट आएको हो भनेर जान्नुपर्छ। त्यसैले उसले त्यसको लागि अल्लाहको प्रशंसा गर्नुपर्छ र त्यसको वर्णन गर्नुपर्छ। तर जब उसले मन नपर्ने कुरा देख्छ , उसले यो जान्नुपर्) ले यो शैतानको तर्फबाट हो। त्यसैले उसले त्यो सपनाको नराम्रोबाट अल्लाहको शरण लिनुपर्छ र कसैलाई पनि यो कुरा उल्लेख गर्नु हुँदैन , किनकि उसले उसलाई हानि पुर्याउन सक्ने छैन।

अबू सईद खुदरी (रजियल्लाहु अन्हु) ले बयान गर्नु भएको छ , उनले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई भन्दै गरेको सुने : "जब तिमीहरूमध्ये कसैले राम्रो सपना देख्छ , उसले यो अल्लाहबाट आएको हो भनेर जान्नुपर्छ। त्यसैले उसले त्यसको लागि अल्लाहको प्रशंसा गर्नुपर्छ र त्यसको वर्णन गर्नुपर्छ। तर जब उसले मन नपर्ने कुरा देख्छ , उसले यो जान्नुपर्) ले यो शैतानको तर्फबाट हो। त्यसैले उसले त्यो सपनाको नराम्रोबाट अल्लाहको शरण लिनुपर्छ र कसैलाई पनि यो कुरा उल्लेख गर्नु हुँदैन , किनकि उसले उसलाई हानि पुर्याउन सक्ने छैन। "

[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो , निद्रामा देखिने राम्रो र रमाइलो सपना अल्लाहको तर्फबाट हो। त्यसैले , यसको लागि अल्लाहको प्रशंसा गर्नुपर्छ र अरूलाई यसको बारेमा बताउनुपर्छ। यसको विपरीत , जब कुनै व्यक्तिले अप्रिय र कष्टकर सपना देख्छ भने त्यो शैतानको तर्फबाट हो। त्यसकारण , यस्तो सपनाको नराम्रोबाट अल्लाहको शरण लिनुपर्छ र कसैलाई भन्नु हुँदैन। यसो गरेपछि , उसलाई कुनै हानि हुनेछैन। किनभने अल्लाहले माथि उल्लेखित कुराहरूलाई सपनाको परिणामस्वरूप उत्पन्न हुन सक्ने खराबीबाट सुरक्षाको माध्यम बनाएका छन्।

http://sunnah.global/hadeeth/ne/show/3285